puthauttargangamun.gov.np
info@puthauttargangamun.gov.np
puthauttargangamun@gmail.com
9857880303, 9857880404

स्थानीय सरकार
पुथा उत्तरगङ्गा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

तकसेरा, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश,नेपाल

प.सं.:२०८२।०८३
च.नं. :१९९

मिति:२०८२।०५।०४गते
ने.सः (११४५,गुँलागा,१२ बुधवार)

**श्री सम्पूर्ण सामुदायिक विद्यालयहरू,**
**पुथा उत्तरगङ्गा गाउँपालिका, रुकुम (पूर्वी भाग)।**

**विषय:भर्ना गर्नु /गराउनुहुन।**

प्रस्तुत विषयमा नेपालको संविधान, २०७२ को धारा ३१ को शिक्षासम्बन्धी हकमा प्रत्येक नागरिकलाई आधारभुत शिक्षामा पहुँचको हक, आधारभुत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तहको शिक्षा निशुल्क रहने व्यवस्था छ। यसका साथै अनिवार्य तथा निशुल्क शिक्षा ऐन, २०७५ अनुरुप ६ वर्ष देखी १२ वर्षसम्मका बालबालिकालाई आधारभूत तह सम्मको शिक्षा अनिवार्य तथा निशुल्क हुनुका साथै शैक्षिक संस्थामा भर्ना भइ नियमित अध्ययन गर्ने आधारभुत तहको शिक्षा पुरा गर्ने बाध्यकारी व्यवस्था छ। सोही बमोजिम विद्यालय भन्दा बाहिर रहेका बालबालिका,भर्ना भइ नियमित विद्यालय नगएका बालबालिका, स्वदेश तथा विदेशका विभिन्न ठाउँबाट आएका बालबालिकाहरूलाई विद्यालयमा आधारभुत तहसम्मका लागि कम्तिमा जन्मदर्ता, अभिभावकको सम्पर्क नं. र कक्षा ९को हकमा अनिवार्य कक्षा ८ को ग्रेडसिट समेत उपलब्ध गराई विद्यार्थी भर्ना गराउनुहुन र विद्यालयमा बालवालिकाको उपस्थितिलाई नियमित गराई गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नुहुन शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक– अभिभावक संघ लगायत सम्पूर्णमा अनुरोध छ।

ध्रुव वि.क
प्रमुख प्रशासकीय अधिकृत

ध्रुव वि.क.
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**
**१. श्री पुथा उत्तरगङ्गा गाउँपालिका भित्रका सबै वडा कार्यालयः समन्वय सम्बन्धमा।**